मार्मा गाउँपालिका राजपत्र

खण्डः६ संख्याः६ मितिः २०७९/१०/१५

भागः२

# विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७९

## मार्मा गाउँपालिका

## लटिनाथ दार्चुला

## सुदूरपश्चिम प्रदेश,नेपाल

# विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

मार्मा गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर-प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा, भौतिक संरचनाहरु आदिमा हुन सक्ने क्षतिको न्युनिकरण तथा व्यवस्थापनका लागि स्थापना भएको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि बनउन वान्छनीय भएकोले,

मार्मा गाउँपालिका विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी मार्मा गाउँपालिकाको गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिपत नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "विपद् व्यवस्थापान कोष सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** "ऐन" भन्नाले मार्मा गाउँपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८ लाई सम्झनुपर्छ ।

**(ख)** "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

**(ग)** "तोकिए वा तोकिए बमोजिम" भन्नाले प्रचलित कानुन अनुसार तोकिएको वा तोकिए बमोजिमको कुरा सम्झनु पर्छ ।

**(घ)** "कार्यपालिका" भन्नाले मार्मा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

**(ङ)** "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको,शारीरिवा मानसिक समस्या उत्पन्न भएको, घर,जग्गा जमिन,पशुपन्छी,मत्य,खाध्यान्न तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्ण रुपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ ।

**(च)** "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ ।

**(छ)** "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

**(ज)** "राहत मापदण्ड" भन्नाले गाउँपालिकाले समय समयमा बनाउने राहत मापदणडलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## कोष सम्वन्धि व्यवस्था

**३. कोषको स्थापना :**

(१) विपद् व्यवस्थापन ऐनले व्यवस्था गरे बमोजिम गाउँपालिकामा एक कोष रहने छ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गरिने छ;

(क) मार्मा गाउँपालिकाको वार्षिक बजेटबाट विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् जोखिम न्युनिकरण तथा व्यस्थापनका लागि प्राप्त रकम,

(घ) दातृ निकाय, संघ-संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) कोषको खाता सञ्चालनमा रहेको वित्तिय संस्थाले त्यस कोषमा रहेको रकाममा उपलब्ध गराएको व्याज,

(च) प्रचलित कानुनको अधिनमा रहि कोषमा अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(छ) दफा ५ को उपदफा (२) बमोजिम बस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त रकम, र

(ज) वडा कार्यालयले विपद् व्यवस्थापनमा विनियोजन गरेको रकम ।

**४. बस्तुगत सहायता सामाग्री : (१)** ऐनको दफा १२ को उपदफा (१) र (२) को अधिनमा रही कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको बस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामग्री विपद् व्यावस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो बस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

**(२)** उपदफा (१) बमोजिम स्वीकार गरिएको बस्तुगत सहायता सामाग्रीलाई अलग्गै आम्दानी किताबमा आम्दानी अभिलेख जनाई

त्यस्तो सामाग्रीको प्रचलित बजार मुल्यलाई कोषको आम्दानीको रुपमा समेत अभिलेख गरिनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवस्यक नपर्ने वा नमिल्ने वा लामो समय सम्म भण्डारण गरी राख्न समेत अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृतिको भएमा समितिको निर्णय बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा (३) को उपदफा (१) बमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बस्तुगत सहायता सामाग्री स्थानीय विपद् व्यवस्थापनमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नदेखिएमा समितिले निर्णय गरी त्यस्तो सामाग्री आंशिक वा पूर्णरुपमा अस्वीकार गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम प्राप्त सहायता सामाग्री उपदफा (४) बमोजिम अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले प्राप्ति वा स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनु पर्नेछ ।

**५. कोषको उद्देश्य : (१)** स्थानीय स्तरमा हुन सक्ने सम्भावित विपद्को जोखिम न्युनिकारण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्नुगत सहायता परिचालन गर्ने कोषको उद्देश्य रहनेछ ।

**(२) कोषले देहयका क्षेत्रमा काम गर्ने छ :**

**(क)** विपद्का घटनाबाट प्रभावित व्यक्तिहरुलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार, राहत सेवा उपलब्ध गराउन ।

**(ख)** विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सृजना गर्न ।

**(ग)** विपद् जोखिम न्युनिकारण, पुर्व-तयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज बनाउन ।

**५. कोषको प्रयोग :**

**(१)** कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि वस्तुगत सहायता सामग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने छ ।

**(२)** उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल विपद् पर्तिकार्य गर्नुपर्ने अवस्था रहेको तर समितिको बैठक बस्न सक्ने

अवस्था नरहेमा तत् पश्चात लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी अध्यक्षको निर्णयबाट एकपटकको लागि बढीमा पच्चिस हजार (२५०००/-) रुपिया सम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

**(३)** कोषमा जम्मा भएको रकम र प्राप्त सहायता सामग्री देहाय बमोजिमको कार्यमा खर्च/प्रयोग गरिने छः

(क) विपद्बाट प्रभावित भएको वा हुन सक्ने व्यक्ति वा समुदायको तत्काल खोज उद्दार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद् प्रभावितको तत्कालिन राहत तथा अस्थायी बसोबासको प्रबन्ध मिलाउन,

(ग) विपद् पशचात तत्कालिन खद्यान्नको लागि आर्थिक सहायता व्यवस्था गर्न,

(घ) विपदबाट घाइते तथा विरामीको औषधी उपचार गर्न,

(ङ) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रियाका लागि निजको परिवारलाई तोकोए बमोजिमको सहायता उपलब्ध गराउन,

(च) विपद्को कारण सम्पत्ति क्षति हुन व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

(छ) खोज, उद्दार तथा प्राथमिक उपचारका लागि स्वंसेवक तथा विशेषज्ञ परिचालन, सामग्री खरिद र भण्डारण गर्न,

(ज) विपद्को कारणबाट उत्पन्न भएको फोहोरमैला तथा प्रदुषणको विसर्जन गर्न,

(झ) खोज उद्दार तथा राहतको लागि तत्काल सञ्चार तथा यातायातको सुचारु गर्न,

(ञ) स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयंसेवक परिचालन र क्षमता विकास सम्बन्धी कार्य गर्न,

(ट) जोखिमयुक्त स्थानको पहिचान र उक्त स्थानको धन जनको स्थानान्तरण गर्न,

(ठ) विपद् पश्चात विपद्बाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवस्यकता पहिचान गर्न,

(ड) विपद् पछिको पुनर्निर्मान गर्न,

(ढ) विपद् पुर्वतयारी, विपद् प्रतिकार्य, विपद् र विपद् पछिको पुनर्लाभ, विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धि अन्य काम गर्न गराउन,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियमित रुपमा गरिने विकाष निर्माण तथा प्रशासनिक कार्यका लागि यस कोषको रकम खर्च गरिने छैन ।

(५) कोषमा मौज्दात रकम तीन लाख रुपया भन्दा न्युन हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ ।

## परिच्छेद-३

## कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**५. कोष संचालन तथा व्यवस्थापन समिति : (१)** गाउँपालिका स्तरमा सञ्चालित विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि देहाय बमोजिमको विपद् व्यवस्थापन कोष संचालन तथा व्वस्थापन समिति रहने छ ।

(क) विपद् व्यवस्थापन समितिको अध्यक्ष —संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख —सदस्य

(घ) जिन्सी शाखा प्रमूख —सदस्य

(ङ) विपद् व्यवस्थापन शाखा/इकाई प्रमुख —सदस्य सचिव

**(२)** वडा स्तरमा विपद् व्यवस्थापनको बजेट व्यवस्था भएमा यस कोषमा समावेश गरी वडा स्थतरीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।

**६. कोषको सञ्चालन तथा व्यवस्थापन : (१)** गाउँपालिकाले यस कोष सञ्चालन कार्यविधि र राहत मापदण्ड तयार गरी कोषमा जम्मा भएको रकम खर्च गर्न सक्ने छ ।

**(२)** कोषको रकम छुट्टै खाता खोलि जम्मा गरिनेंछ ।

(३) कोषको बैंक खाता गाउँपालिकाले तोके बमोजिमका व्यक्तिहरुको संयुक्त दस्तखतमा संचालन गरिनेछ ।

(४) कोषबाट रकम भुक्तानि गर्दा अनिवार्य रुपमा बैंक मार्फत मात्र भुक्तानि गरिनेछ ।

(५) कोषलाई प्राप्त बस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् शाखा प्रमुख वा आन्तरिक व्यवस्थापन शाखा (जिन्सी शाखा) प्रमुखबाट हुनेछ ।

(६) उपदफा (४) बमोजिम बस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा गर्नुपर्नेछ र त्यस्तो

सामाग्रीको अभिलेख मुल्यलालाई कोषको खर्चको रुपमा समेत अभिलेख गरिनेछ ।

## <u>परिच्छेद-४</u>

## <u>राहत तथा उद्धार</u>

**७. राहत तथा उद्धार कार्य संचालन सम्वन्धि व्यवस्था : (१)** गाउँपालिकाको कुनैपनि वडामा विपद् आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्था गरिनेछ;

**(क)** विपद् प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धारको व्यवस्था गरिने छ ।

**(ख)** उद्धार पछि विपद् प्रभावावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको बर्गिकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने व्वस्था मिलाइनेछ ।

**(ग)** वडा समितिको बैठकद्वारा विपद् प्रभावितहरुको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि स्थानिय विपद् व्यवस्थापन समितिमा सिफारिस गरिने छ ।

**(घ)** स्थानिय विपद् व्यवस्थापन समितिबाट विपद् व्यवस्थापन कोष संचालनतथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिसको व्यवस्था मिलाइनेछ ।

(२) यस खण्डमा जेसुकै लिखिएको भएतापनि यो सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

**८. विपद् प्रवावित वर्गिकरण :** गाउँपालिकामा आइपर्ने विपदबाट प्रवावितहरुको वर्गिकरण देहाय बमोजिम हुनेछः

**(क) सामान्य प्रभावितः** प्राकृतिक वा मानव सृजित विपद् जस्तैः भुकम्प, बाढी, पहिरो, हावाहुरि, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुमे फ्लु, सर्पदंश, जनावर आतंक आदिबाट सामान्य क्षति भएका व्यक्ति, परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन् ।

**(ख) आंशिक प्रभावितः** प्राकृतिक वा मानव सृजित विपद् बाट प्रभावित जस्तै घर सामान्य क्षति भएकाहरु जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, बाढी, पहिरोले खेतवारीमा बढी क्षति पुर्याएका, आगलागि भई घर तथा मानव जनमा सामान्य भौतिक क्षति भएका, पशु-चौपाया क्षति भएकाहरु यस वर्गमा पर्दछन् ।

**(ग) अति प्रभावितः** प्राकृतिक तथा मानव सृजित विपद्बाट प्रवावित भई जन धनको क्षति व्यहोराका परिवारका सदस्यको मृत्यु भएका, घर पुर्ण रुपमा क्षति भएका, अंगभङ्ग भइ जिविको पार्जनका लागि अरु माथि आश्रीत हुन पुगेकाहरु यस वर्गमा पर्दछन् ।

**९. राहत वितरण व्वस्थापन : (१)** दफा **८ (क)** वर्गिकरणमा परेका विपद् प्रवावितलाई प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा उपयुक्तताको आधारमा बढीमा ७ हजार सम्म उपलब्ध गराउने,

**(२)** दफा **८ (ख)** वर्गिकरणमा परेका विपद् प्रवावितलाई प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा अवस्था हेरी बढीमा २५ हजार सम्म उपलब्ध गराउने,

**(३)** दफा **८ (ग)** वर्गिकरणमा परेका विपद् प्रवावितलाई प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा देहाय बमोजिम राहत उपलब्ध गराउने,

(अ) परिवारका सदस्यको मृत्यु भएमा काजक्रिया खर्च वाफत प्रति परिवार रु.२५०००/- उपलब्ध गराउने र नेपाल सरकारलाई आर्थिक सहायताका लागि सिफारिस गर्ने ।

(आ) घरवार विहिन भएका तथा घर पुर्ण रुपमा क्षति भई अन्यत्र सुरक्षित स्थान आश्रय स्थल निर्माण गरी वस्नुपर्ने अवस्थाका परिवारलाई प्रति परिवार बढीमा रू. ७५०००/- सम्म आर्थिक सहायता प्रदान गर्ने,

(इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु.१५०००/-

(ई) शारीरिक रुपमा घाईते भई उपचाररत अवस्थामा रहेका प्रति व्यक्ति बढीमा रु.१५०००/-

**(४)** राहतको हकमा घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाकालागि मात्र राहत उपलब्ध गराउने र राहत रकम दोहोरो नपर्ने गरी उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-५
## विविध

**१०. कोषबाट कार्यक्रम संचालन गर्नुपर्नेः-** गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका र यस अन्तर्गतका समिति वा उपसमितिबाट विपद् सम्बन्धि कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछ ।

**११. सशर्त सहायताः- (१)** विपद् व्यव्स्थापन सम्बन्धि तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिले शर्त स्विकार गर्ने वा नगर्ने सम्वन्धी निर्णय गर्नेछ र शर्त स्विकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामग्री कोषमा जम्मा हुनेछ ।तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व निर्णय आवस्यक पर्नेछैन ।

**(२)** उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामग्रीलाई तोकिएको कामामा मात्र उपयोग गर्नुपर्नेछ ।

**(३)** उदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामग्रि तोकिए बमोजिमको कार्यमा उपयोग भए-नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनुपर्नेछ ।

**(४)** उपदफा (१) बमोजिम कोषमा सहायता स्वरुप प्राप्त हुने भौतिक सामग्रीको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित गर्न आवस्यकता अनुसार समितिले थप मापदण्ड/निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**१२. परामर्श लिन सक्नेः-** समितिले यस कार्यविधी बमोजिम कार्य सम्पादन गर्न उपयुक्त विज्ञ वा संस्था संग आवस्यक परामर्श लन सक्नेछ ।

**१३. रकम फ्रिज नहुनेः- (१)** दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक बर्षमा खर्च नभई आर्थिक बर्षको अन्त्यका बाँकि रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ तर दफा १२ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरुप खर्च गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा खर्च हुन बाँकि रकम कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

**१४. जाँचपास र फरफारकः** कोषबाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. गाउँपालिकाको विकास योजनामा समावेश गर्नेः** कोषबाट स्विकृत वार्षिक योजना तथा कार्यक्रमहरू गाउँपालिकाको विकास योजनामा समावेस गर्नुपर्नेछ ।

**१६. सहयोगका लागि आह्वान गर्न सक्नेः- (१)** विपद्को कारणले आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा गाउँपालिकाले छिमेकि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक सहायता तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

**(२)** विपदबाट प्रभावितको खोज, उद्धारका र सहायताका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ संगठन, युवा क्लव, आमा समुह, स्वंसेवक, राष्ट्र सेवक, उद्योगी, व्यवसायी वा आम सर्वसाधारणलाई सहयोगका लगि अनुरोध गर्न सक्नेछ ।

**१७. कार्यविधिको संशोधनः** यस कार्यविधिलाई संशोधन गर्न आवस्यक देखिएका विपद् व्यवस्थापन समितिको सिफिरिसमा कार्यपालिकाले गर्नेछ ।

**१८. बचाउ तथा खारेजिः- (१)** विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

**(२)** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन संग बाजिन गएमा बाझिएको हकमा स्वतः कारेज भएको मानिनेछ ।

**आज्ञाले**
**राम कुमार राना**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**